सम्माननीय मुख्य मंत्री श्री पवन चामलिङ, माननीय विधि एवं न्याय मंत्री श्री सुब्बा, भवन तथा आवासीय विभाग मंत्री श्री डी.टी. लेप्चा, मेरो प्रिय बहिनी न्याय मूर्ति श्रीमती मीनाक्षी मदन राई, मेरो प्रिय मित्र न्याय मूर्ति श्री ए.पी. सुब्बा, श्रीमती सुब्बा, न्याय मूर्ति श्री वाङ्दी Member (Judicial) National Green Tribunal, श्रीमती वाङ्दी, जिल्ला न्यायधीश, राजिस्ट्रर जनरल, राजिस्ट्रर, सबै न्यायिक अधिकारीगण, अन्य सबै अधिवक्ता गण।

यो हाम्रो लागि अत्यन्तै गर्व र खुशीको कुरा हो कि हामी यहाँ आधिकारिक रूपमा नागरिक न्यायधिश तथा न्यायिक अधकारी ( Civil Judge cum Judicial Magistrate Court) याङगाङ दक्षिण सिक्किमको उद्घाटन समारोह एउटा ।ठूलो वर्णक्रम देखि लेखिएको इतहिासमा प्रवेश गरिरहेका छौं।

हाम्रो देशको न्यायपालिका दुवै केन्द्र र राज्य संविधानको अध्याय चार , पाँच र छ को आधारमा स्थापित भएको हो । त्यस्तै प्रकैरले हाम्रो उच्च न्यायलय महकुमदेखि सिक्किम उच्च न्यायलय 36 औं संशोधन आधारमा बन्न पुग्यो।

सिक्किम नागरिक न्यायपालिका ऐन 1978 अनुसार सिक्किममा जिल्ला स्तरीय न्यायलयहरूको स्थापना गरियो ।तत्पश्चात 39 वर्षको अथक प्रयासद्वारा राज्य सरकारको परस्पर सहयोग मार्फत यहाँका मानिसहरूले न्यायको अनुभुति पाउने एउटा दिगो ठाँउ भने यसै साल मात्र पाउन सकेका छन् ।

हामीले राज्य सरकार संगको परसपर समन्बयमा नागरिक न्यायपारिका, उत्तर सिक्किमको चुङथाङ सब डिभिजन रंगपो, पूर्व सिक्किममा, जोरथाङ दक्षिण सिक्किममा अनि आज याङयाङ, दक्षिण सिक्किममा स्थापित गर्न सक्षम बन्यौं। आउँदो केहि दिनमा रंगली पूर्व सिक्किममा पनि यस्तै न्यान्यपालिकाको उद्घाटन हुने छ। यो नर्म शुरूवात हो अनि यो निरन्तर चल्नु पर्नेछ।

अब समय आइसकेको छ कि हाम्रो राज्यको मानिसहरू आफ्नो मौलिक अधिकार पाउनुको निम्ती न्यायपालिकामाथि भरोसा गर्नुपर्दछ। मानिसहरूले जति न्यायपालिका माथि आशा र भरोशा गर्दछन् उत्तिकै हाम्रो एउटा नौलो बाटो पथ र उर्जाको सञ्चार शूरू हुनेछ। त्यसपछि हाम्रो साधारण मानिसहरूको पथमा कुनै बाधा, असुविधा र अन्याय हुने छैन।

हामीलाई Access to Justice को शब्दले दुई कुरामा ध्यान केन्द्रीत गर्दछ। पहिलो कुरा न्याय प्राणाली सबैको लागि समान हो। दोस्रो-यसले व्यक्तिगित र सामाजिक रूपमा सठिक रूपमा न्याय प्रदान गराउनुमा सहयोग गर्नेछ।

Access to Justice राज्यले मानिसहरूलाई संविधान अनुसार प्रदान गर्दछ। यसमा धेरै मूल्य र औचित्य छन् जसमा न्यूनतम रूपमा सबैलाई समेटिएको छ।

प्रश्न उठदछ, न्यायलय किन हुनु पर्दछ ?

एक सभ्य समाजमा जन्मेको मानिसलाई दुईवटा कुराको आवश्यक्त पर्दछः

1. राम्रो स्वास्थ्य।
2. समाजमा दिगो ठाउँ।

खुल्ला समाज / दुनियाँमा कुनै प्रकारको बाधा हुनु हुँदैन। अभिमानसँग जिउनु, कुनै प्रकारको भय र अतिक्रमण हुनुहुँदैन चहे त्यो व्यक्तिगत किन नहोस् । तर जब आफूलाई होचिएको, शोषित अथवा अधिकार हनन् भएको अनुभूति भएमा कहाँ जाने त ? आफ्नो गुनासो पाख्ने स्थान हुनु पऱ्यो । कसैले डोहोऱ्याउनु पऱ्यो । गुनासो पोख्ने कुनै ठाउँ आफ्नो पहुँचमा हुनु पऱ्यो।

महाभारतको कथालाई नै हेरौं। जमिनी अधिकारको निम्ति लड़ाई लड़ियो जसले अन्ततः मानवतालाई ठूलो क्षति पुऱ्यायो।

सर्वोच्च न्यायलयको संवैधानिक खण्डपीठले अनिता खुसवाह बनाम पुष्प सुदन (2016, 8 509) मा न्याय प्रणालीको चारवटा आयामलाई प्रष्ट पारेको छ।

प्रथमत राज्यले प्रभावशाली न्याय संयन्तर प्रदान गर्न सक्नुपर्दछ।

दोस्रोः न्याय संयन्तर सबैको पहुँचमा हुनुपर्दछ। पहुँच भन्नाले दुरीको हिसाबमा नजिक हुनुपर्‍यो।

तेस्रो आयम छिटो न्यायविधी हो। यो आयम भर पर्दछ कार्य प्रणाली मा जस्तै न्यायिक अफसरहरूको स्थानान्तरण, समन्स बाँट्न, नोटिश तयार पार्न अनि अर्डर जारी गर्न पर्याप्त मानव संशाधनको संयुक्तिकरण।

चौथोः- किफायती न्यायिक प्रणाली, दुरीको हिसाबमा। कुनै पिड़ितले न्यायको निम्ति लामो दुरी र धेरै खर्च बेहोर्नु पर्ने हुन्छ अझ उसले दिनौं दिनको दुरी तय गरेर न्यायकी निम्ति समय र संशाधन खर्च गर्न नपरोस्।

मुख्य न्यायधिश र मुख्य मंत्रीको 2016 को सम्मेलनमा राज्य न्यायपालिकाको भवन निर्माणहरूलाई पाँच वर्षको अवधीमा पुरा गर्नु पर्ने छल फल गरियो र सालै पछि यसको बारेमा नयाँ-नयाँ योजनाहरू बनाएर हाम्रो न्यायपालिकालाई अझै सक्षम बलियो पार्नु पर्छ र वहाँहरूले तीन वर्ष देखि रोकिएको जति पनि परियोजनाहरू छन् ती सबैहरू पुरा गरेर हाम्रो साधारण जन मानिहरूलाई न्यायमा कुनै पनि बाधा नहोस भन्ने पूर्णरूपले प्रयास गरेका थिए।

न्याय प्रणालीसंग सम्बन्धित सबै महानुभावलाई यी भवनहरूबाट न्यायको पक्का जगेरा होस्। न्याय प्रणालीको इमानदारीले जनसाधरणको एउटा आवाज संविधानको आवाज

बनोस् । यहाँ समाजमा एउटा ठूलो वर्गका मानिसहरूलाई न्यायलय पुग्न नै ठूलो चुनौति देखिन्छ। यस्तोमा न्यायतंत्रको हस्तक्षेपले नै यस्ता बाधालाई सोझाउदै आएको छ।

अन्तमा, म यो कुरा सबैलाई आवहान गर्न चाहन्चु कि सबैलाई समान न्याय प्रदान गर्नुपर्दछ। न्यापालिका सबैभन्दा ताकतवर साधन हो शान्ति र सुरक्षाको आभास गराउँन। आज विश्व बालश्रमीक दिवस् को दिन पारेर उत्घाटन भई रहेको यो भवनले न्याय पुऱ्याउन कुनै कसर नछोड़स् ।

यति भन्दै म याङगाङ वासीहरू अनि सबै संम्बधित महानुभावहरूलाई शुभकामना दिन चाहन्छु र यति भन्दै मेरो मनतव्य यहि समाप्त गर्न चाहन्छु।